तमानखोला गाउँपालिका


# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

# तमानखोला गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन



# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बोंगादोभान, बागलुङ




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# गाउँपालिकाको परिचय

## १. पृष्ठभूमि :

- तमानखोला गाउँपालिकाको नामाकरण यस क्षेत्रकै ठूलो खोला तमानखोलाको नामबाट नामाकरण गरिएको हो । तमान वस्तीलाई आधार मानेर विगतमा तमान गा.वि.स. रहन गएको थियो ।यस तमानखोला गाउँपालिका नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्नसंरचना हुंदा ७ प्रदेश र ७५३ स्थानीय तहमा विभाजन भए अनुसार यस तमानखोला गाउँपालिका वागलुङ जिल्ला, गण्डकी प्रदेशमा पर्दछ । नेपाल सरकारले मिति २०७३/११/२० को निर्णायानुसार देहाय वमोजिम साविकका गा.वि.स. तमान, बोंगादोभान र खुंखानी गरी ३ वटा गा.वि.स. मिलि ६ वटा वडा कायम गरी यो गाउँपालिका बनेको हो ।

- यस तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजार नजिकको व्यापारिक केन्द्र बुर्तिवाङ देखि १० कि.मि. कच्ची सडकले जोडिएको छ । यस गाउँपालिकाको क्षेत्रफल १७८.०२ वर्ग कि.मि. रहेको छ । यस तमानखोला गाउँपालिकाको (राष्ट्रिय जनगणना २०७८ अनुसार) जनसंख्या ९,९८२ रहेको र घरधुरी संख्या २,६११ रहेको छ ।

# परिचय क्रमश ......

## २. भौगोलिक र सिमाना स्थिति :

- तमानखोला गाउँपालिका भौगोलिक हिसावले समुन्द्री सतहवाट १,२३२ मिटर देखि ३,८३६ मिटर सम्म उचाई रहेको छ । यस तमानखोला गाउँपालिकाको सिमाना **पूर्वमा म्याग्दीको मालिका गाउँपालिका, पश्चिममा ढोरपाटन सिकार आरक्ष र ढोरपाटन न.पा., उत्तरमा म्याग्दीको धौलागिरी गाउँपालिका, र दक्षिणमा ढोरपाटन नगरपालिका पर्दछ** । यो गाउँपालिका ८३° १०' पूवी देशान्तर देखि ८३° १८' पूर्वी देशान्तरसम्म र २८° २१' उत्तरी अक्षांस २८° ३०' उत्तरी अक्षांससम्म फैलिएको छ ।

## ३. जलवायु :

- समुन्द्र सतह देखि ३,८३६ मिटरसम्मको उचाईमा रहेको तमानखोला गाउँपालिका क्षेत्रमा औसत तापक्रम आद्रता युक्त जलवायु भएको पाइन्छ । यहाँ पुस र माघ महिनामा सबै भन्दा बढी जाडो हुने गरेको र सो समयमा यस पालिकाको **सोलेडाँडा, नौडल्ले पहाड रमणीय सुन्दर ठाउँमा हिउँले** भरिएको हुन्छ र सो समयमा न्युनतम तापक्रम ० डिग्री सेल्सीयस सम्म पुग्छ भने वैशाख, जेष्ठ र असार महिनामा २८ डिग्री सम्म पुग्ने गर्दछ साथै वार्षिक वर्षा औषत १५० मि.लि सम्म हुने गरेको छ ।

# परिचय क्रमश ......

## ४. तमानखोला गाउँपालिका धार्मिक तथा ऐतिहासिक स्थान तथा संस्कृतिहरु :

- बराह थान (बराह मन्दिर)
- ढोमैथान
- भैरव थान
- देवी थान
- ओदान थान
- भुमे थान
- लक्ष्मी मन्दिर
- मण्डली थान मन्दिर
- शोले देउराली
- देउराली डाँडा
- अङकुते देउराली
- नौडल्ले पहाड
- बराहताल
- यानीमाया र सोरथी नाच
- राङगुली देउराली
- फुर्सेको डाँडा

# परिचय क्रमश ......

## ५. मूख्य नदी तथा खोलाहरु :

- तमानखोला
- वोंगाखोला
- स्याउलाखोला

## ६. जातजाती :

- जातजाती अनुसारको जनसंख्या २०७८ को राष्ट्रीय जनगणना अनुसार यस तमानखोला गाउँपालिकामा बसोवास गर्दै आएका मुख्य जातजातीहरुमध्ये अधिकाशं दलित र आदिवासी जनजातीको बसोबास रहको छ ।
- जनसंख्यामा सबैभन्दा धेरै दलित जातीको बसोबास रहेको छ । प्रतिशतको हिसाबमा दलितको ५७.९%, जनजाती ३८.७%, ब्राह्मण र क्षेत्री २.९%, थकाली ०.१%, सन्यासी र दसनामी ०.१% र अन्य ०.४% रहेको छ । ब्राह्मण क्षेत्रीको बसोबास वडा नं २ को सिल्गुम क्षेत्र र केही मात्रामा वडा नं १ मा बाहेक अन्य वडामा शून्य रहेको छ ।


# परिचय क्रमश ......

## ७. मातृभाषा अनुसार जनसंख्याको संरचना :

- तमानखोला गाउँपालिकामा बसोबास गर्ने बासिन्दाहरुको बोलीचालीको मुख्य भाषा नेपाली रहेको छ । यस क्षेत्रमा विभिन्न जातजातीको बसोबास रहे पनि बोलीचालीमा अहिले नेपाली भाषा बाहेक अन्य भाषा खासै प्रचलनमा रहेको तथ्यांक फेला पार्न सकिएको छैन । छन्त्याल र मगर भाषा जानेका केही जनसंख्या भने रहेको पाइएको छ जो समूदायमा सो भाषा जानेका बिच बोलचाल गर्ने गरेका छन् ।

- जस अनुसार यस तमानखोला गाउँपालिकामा महिला र पुरुषको जनसंख्या तथा यस गाउँपालिकाको नवगठित संरचना अनुसार वडा संख्या एवं वडागत रुपमा जनसंख्याको विवरणलाई तलको तालिका अनुसार गरिएको छ ।

## जनसंख्या




तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

## वडा अनुसारको जनसंख्या एवं घरधुरी संख्या



तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

## आय व्यय विवरण :


| क्र. सं. | शिर्षक | आ.ब. २०८१/०८२ को | | | | आ.ब. २०८२/०८३ को स्वीकृत बजेट रु |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावित आय | यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | |
| १ | कुल जम्मा बजेट | ३३१९४५५०० | ३०८७२८०४८.४७ | २५१९०३८१५.७४ | ७५.८८ | ३३४१०६२६५ |
| २ | कुल पुँजिगत बजेट | ९७६५०००० | ८९३३११९२ | ७१४२२७३०.११ | ७३.१४ | १०५०८९००० |
| ३ | कुल चालु बजेट | २३४२९५५०० | २१९३९६८५६.४७ | १८०४८१०८५.६३ | ७७.०३ | २२९०१७२६५ |
| ४ | संघीय वित्तीय समानीकरण अनुदान | ६९६००००० | ६३८६४९६० | ४९७८६७५४.११ | ७१.५३ | ७०४००००० |
| ५ | संघीय सशर्त अनुदान पुँजिगत | ५५००००० | ५५००००० | ३२२९२९९ | ५८.७१ | ३०००००० |
| ६ | संघीय सशर्त अनुदान चालु | ११३६९४५०० | ११३६९४५०० | ९७२५००८५.९ | ८५.५४ | ११४५००००० |
| ७ | संघीय समपुरक अनुदान | ० | ० | ० | ० | ८०००००० |
| ८ | संघीय विशेष अनुदान चालु | १६०००००० | ९६७३६९८ | ९१८१७०५ | ५७.३९ | ७५००००० |
| ९ | प्रदेश वित्तीय समानीकरण अनुदान | ७०८६००० | ७०८६००० | ४३१३३०३ | ६०.८७ | ७४८३००० |
| १० | प्रदेश समपुरक अनुदान पुँजिगत | ६०००००० | ३९७४७४८ | ३९७०३२५ | ६६.१७ | ६०००००० |
| ११ | प्रदेश विशेष अनुदान पुँजिगत | ४०००००० | ३१४९४८५ | ३१३५३०३ | ७८.३८ | ३९९१००० |
| १२ | संघीय राजश्व बाँडफाँट | ७१२००००० | ६३६८५१०१.५२ | ५०६०४६६४.७४ | ७१.०७ | ७८१२२५३२ |
| १३ | प्रदेश राजश्व बाँडफाँट | ३५८०००० | ३१७९५३४.५९ | २३९३७८६ | ६६.८७ | ६४०३००० |
| १४ | आन्तरिक आय | ३८००००० | ३२३०६५७.७७ | ३२३०६५७.७७ | १०० | ३८००००० |
| १५ | **गत वर्षको अल्या** | ३११८५००० | ३१५२६२९७.५९ | २४७१५९३३.३० | ७९.३० | २४८०६७३३ |
| १६ | **अन्य** | ३००००० | १६३०६६ | ९१९९९ | ३०.६७ | १००००० |

तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

## प्रस्तावित आय, यथार्थ आय र खर्चको अवस्था



तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय


बोंगादोभान, बागलुङ

## आ.व. ०८१।०८२ को क्षेत्रगत प्रगति विवरण


| क्र. स. | विषयगत क्षेत्र | स्वीकृत योजना तथा कार्यक्रम संख्या | विनियोजित वजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत (अनुमानित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | आर्थिक विकास | ४९ | १७५९७६०० | ११२४२६३१ | ६३.८९ | ७५ | |
| २. | सामाजिक विकास | २१६ | १६७८३९६८० | १३३६३७४७२ | ७९.६२ | ८१ | |
| ३. | पूर्वाधार विकास | १११ | ८५९००००० | ६२९५१४३० | ७३.२८ | ९० | |
| ४. | वन वातावरण र विपद व्यवस्थापन | २ | २८५८८०० | २८४६८०० | ९९.५८ | १०० | |
| ५. | सुशासन तथा संस्थागत विकास | ८६ | ५७७४९४२० | ४१२२५४८३ | ७१.३९ | ८० | |
| | कुल जम्मा | ४६४ | ३३१९४५५०० | २५१९०३८१५.७४ | ७५.८८ | ८२.४२ | |

# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## क्षेत्रगत विनियोजित बजेट प्रतिशत



क्षेत्रगत विनियोजत बजेट अनुसार खर्च प्रतिशत




तमानखोला गाउँपालिका


# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

## कुल पुँजिगत खर्च प्रतिशत




## कुल चालु खर्च प्रतिशत



# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

## मुख्य मुख्य कार्यक्रमको प्रगति र उपलब्धि

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | **सडक तर्फ** | | | |
| | मर्मत तथा स्तरउन्नति | कि.मि. | १.८५ | -सडकमा सुधार भई यातायातमा सहजता |
| | नया ट्र्याक | कि.मि. | ३.२ | -तमानखोला-१ अन्तर्गत उर्खला, स्याउला, सड्विन<br>-वडा नं. -२ अन्तर्गत जुगेपानी-गोर्गा, तल्लो चौतारा, चौधेरा, डाडरबोट, भयरवोंगा, सेन्नमा -वडा नं. -३ अन्तर्गत सेर्माखोला, विस्पोल<br>-वडा नं. -५ अन्तर्गत मण्डीलीथान लगायतका बस्तीहरुमा सडक सञ्जालको पहुँच |
| | पक्की नाली | मि. | १५३ | -निर्मित सडकको संरक्षण |
| | कच्ची नाली | मि. | ० | |
| | मेशिनरी वाल | मि. | ४०० | -सडक, बस्ती र खेलकुद मैदान संरक्षण |
| | ग्यावीन वाल | गोटा | २ | -त.गा.पा.-२ बराह ताल सडक अन्तर्गत कटेरी वस्तीमा पहिरो नियन्त्रण र तमानखोला-१,५ र ६ को सीमाक्षेत्रको भिकोस घाटमा बस्ती संरक्षण |
| | कजवे तथा कलभर्ट | गोटा | २/२ | -यातायात सञ्चालनमा सहजता |
| | अन्य(पदमार्ग) पक्की/कच्ची | मि. | २०५५/१७०५ | -पैदल यात्रालाई सुरक्षित गराएको |
| २ | **झोलुङ्गे पुल तर्फ** | | | |
| | झोलुङ्गे पुल नयाँ निर्माण | गोटा | ० | |
| | झोलुङ्गे पुल मर्मत संभार | गोटा | १३ | -आवतजावतमा सहजता |
| | पदमार्ग पुल | गोटा | ५ | -पैदल यात्रालाई सुरक्षित गराएको |

तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

## • मुख्य मुख्य कार्यक्रमको प्रगति र उपलब्धि

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| ३ | **भवन तर्फ** | | | |
| | नयाँ भवन निर्माण | गोटा | ६ | -सन्तुलित पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सहजता लागि विद्यालय भवन-१ र सामुदायिक भवन-५ निर्माण |
| | भवन मर्मत संभार | गोटा | १८ | -सार्वजनिक सम्पत्तिको संरक्षण |
| | अन्य(मन्दिर) | गोटा | २ | -सम्पदा पूर्वाधारको संरक्षण |
| ४ | **खानेपानी तर्फ** | | | |
| | नयाँ खानेपानी योजना निर्माण | गोटा | ३ | - त.गा.पा.-१ अन्तर्गत नवाङ खानेपानी र भिकोस खानेपानी<br>- त.गा.पा.-२ अन्तर्गत पाङ्ग्राबोट खानेपानी<br>- त.गा.पा.-४ अन्तर्गत लाम्मेला खानेपानी आयोजनाहरु सम्पन्न गरी स्वच्छ खानेपानी आपूर्तिमा सहजता भएको |
| | खानेपानी योजना मर्मत संभार | गोटा | १२ | -खानेपानी योजनाको संरक्षण |
| | अन्य(वास कर्नर) | गोटा | १३ | -सरसफाई प्रवर्धन |
| ५ | सिचाई मर्मत संभार | गोटा | १ | -सिचाई आयोजनाको दिगोपना |

# क्रमश :

| क्र.स. | कार्यक्रमको विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| ६ | शिक्षा तर्फ | वटा | ५४ | -भौतिक संरचनामा सुधार<br>-शैक्षिक गुणस्तरमा सुधार<br>-स्थानीय पाठ्यक्रमको कार्यान्वयन |
| ७ | स्वास्थ्य तर्फ | वटा | ६३ | -आधारभूत अस्पतालबाट मेडिकल अधिकृत सहित स्वास्थ्य सेवा प्रदान<br>-एम्वुलेन्स सेवा सञ्चालन<br>-पूर्ण संस्थागत सुत्केरी वडा घोषणा<br>-पूर्ण खोप सुनिश्चितता तथा दिगोपना |
| ८ | लैंगिङ समानता तथा सामाजिक समावेशीकरण तर्फ | वटा | १८ | -लैगिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित विविध कार्यक्रम सञ्चालन गरि सामाजिक न्याय तथा समानता स्थापनामा सहयोग |
| ९ | खानेपानी तर्फ | वटा | १५ | -सवै वडाहरुमा स्वच्छ खानेपानीको व्यवस्था भएको<br>-एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईएको |
| १० | कृषि तर्फ | वटा | २२ | -प्रविधियुक्त कृषि सामाग्रीको वितरण गरि परम्परागत कृषि प्रणालीलाई आधुनिकरण गरिएको<br>-कृषकहरुलाई वडास्तर र पालिकास्तरमा च्याउ तथा व्यवसायिक तरकारी खेती सम्बन्धी तालिम सञ्चालन गरिएको |
| ११ | पशु तर्फ | वटा | १६ | -८३५७ पशुपंछीलाई स्वास्थ्य सेवा उपलब्ध गराईएको<br>-व्यवसायिक कृषि पशुपालन सम्बन्धी पालिका स्तरीय तालिम सञ्चालन |

# आन्तरिक आय प्रवर्धनका लागि गरिएका प्रयासहरु

**आन्तरिक आय प्रदर्धनका लागि गरिएका प्रयासहरु**

- राजश्व संकलनमा संलग्न कर्मचारीलाई तालिम तथा अभिमुखिकरण
- उद्यमसँग सम्बन्धित तालिम कार्यक्रम

**आन्तरिक आय प्रदर्धनका लागि गरिएका प्रयासहरु**

- आन्तरिक राजश्व कार्ययोजना निर्माण गरिएको
- नियमित बजार अनुगमन गरिएको

**आन्तरिक आय प्रदर्धनका लागि गरिएका प्रयासहरु**

- पर्यटकीय क्षेत्र पहिचान तथा प्रचार गरिएको
- राजश्व संकलनमा सुत्र प्रणालीको प्रयोग
- व्यवसायिक अनुदान कार्यक्रम सञ्चालन गरिएको

तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनीय कार्यहरु

- स्थानीय स्तरबाट खेलकुद क्षेत्रको प्रवर्द्धन गर्न गाउँपालिका कप तथा गाउँपालिका खेल (तारा खेल) प्रतियोगिता सञ्चालन,
- प्रविधिमैत्री शिक्षण सिकाईका लागि Smart कक्षा सञ्चालन तथा विद्यालयमा इ-हाजिरी व्यवस्थापन,
- एकल तथा विपन्न महिलाहरुलाई जीविकोपार्जन सुधारमा सहयोग पुर्याउन माहुरी पालन तालिम र माहुरी सहितको घार वितरण,
- वयली कृषि पर्यटन पूर्वाधार निर्माण (सार्वजनिक जग्गामा फलफूलका विरुवा रोपिएको), पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय पार्क निर्माण तथा ठाउँ ठाउँमा दिशा निर्देश बोर्डहरु लगाईएको,
- खहरे खोलाहरुमा कल्भर्ट/कजवे निर्माण,
- लक्षित वर्गको सशक्तिकरणलाई प्रभावकारी बनाउन दलित विकास समिति र जनजाती विकास समिति गठन
- उद्यमशीलता प्रवर्द्धनका लागि अचार, सुबुन सरफ, तरकारी खेती र निगालो/चोयाबाट सामाग्री बनाउने तालिम,
- प्र.म. रोजगार कार्यक्रम अन्तर्गत ३९ जना श्रमिकलाई कार्यस्थलमा आधारित सीप/क्षमता तालिम र जीवन उपयोगी सीप तालिम प्रदान,
- परम्परागत व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्ने उदेश्यले परम्परागत टेलर व्यवसायीहरुलाई सिलाई मेसिन र आरन व्यवसायीहरुलाई वयल्डिङ मेसिन र आगो फुक्ने मेसिन वितरण,
- आधारभूत तहका शिक्षकहरुलाई १५ दिने आधारभूत कम्प्यूटर सीप विकास सम्बन्धी तालिम सञ्चालन,

तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनीय कार्यहरु

- तमानखोला गाउँपालिका वडा नं.-३ मा सञ्चालन गरिएको तमानखोला बालगृहमा २७ जना अनाथ बालबालिकाहरुलाई निःशुल्क पठनपाठन सहितको आवासीय सुविधा उपलब्ध गराइएको,
- बाल विवाह र लैङ्गिक हिंसा न्यूनीकरणका लागि विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सम्पन्न,
- स्थानीय कृषि उपज व्यवसायिकरण र बजारीकरणका लागि कृषि संकलन केन्द्र निर्माण
- खानेपानीको अभाव भएका बस्तीहरुमा खानेपानीको आयोजना कार्यान्वयन
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत २५ जना महिलालाई ५ दिनको तालिम र जनही २६ हजार नगद अनुदान वितरण
- घुम्ती पशुपालकहरुलाई अनुदानमा सोलार त्रिपाल वितरण,
- मागमा आधारित तीन जना किसानलाई अनुदानमा उन्नत जातको जर्सी गाई वितरण,
- १००० दिनका आमाहरुलाई कुखुराका चल्ला र तरकारीको बिउबिजन वितरण,
- कृषकहरुलाई ८ वटा कम्बाइन मिल र २ वटा मिनिटिलर वितरण,
- शहिद तथा बेपत्ता परिवारलाई सहयोग तथा सम्मान,
- कक्षा-८ को परीक्षालाई व्यवस्थित रुपमा सञ्चालन गरिएको साथै कक्षा-८ को नतिजालाई आधार मानी उत्कृष्ट विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरिएको

# प्रमुख समस्या तथा चुनौतीहरु

## समस्या तथा चुनौती

- बजेट अभाव/कमीका कारण दुर्गम र भौगोलिक कठिनाईयुक्त क्षेत्रको विकास गर्न कठिनाई
- जनचेतनाको कमीका कारण विकासप्रति जनचासो र अपनत्वको कमी
- जनशक्तिको अभाव

## समस्या तथा चुनौती

- सडक सञ्चाल, पुल/कल्भर्ट, कजवेको अपर्याप्तता(वर्षायाममा सडक अवरुद्ध)
- स्थापना भएका विद्यालय टिकाउन गाह्रो, विद्यार्थी संख्या निरन्तर घट्दो
- आन्तरिक आय न्यून रहेको

## समस्या तथा चुनौती

- अन्धविश्वास(स्वास्थ्यकर्मी/मनो परामर्शकर्तासँग सम्बन्धित विषय धामीझाक्रीकहाँ पुग्ने)
- टेलिफोन तथा इन्टरनेट सेवा भरपर्दो नभएको

# समस्या समाधानका लागि गरिएका प्रयासहरु

- यातायात क्षेत्रलाई विशेष ध्यान दिई गाउँपालिकाका विभिन्न घाटहरुमा कल्भर्ट निर्माण तथा प्रत्येक टोल तथा वस्तीहरुमा सडक सुविधा पुर्याईएको,
- आन्तरिक आय प्रवर्धनको लागि राजश्वको दायरा फराकिलो बनाउन खोजिएको,
- कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउनको लागि प्रयास गरिरहेको,
- केन्द्रिय विधुत प्रसारण लाइन जडानको लागि सम्बन्धीत निकायमा पहल भइरहेको,
- इन्टरनेट सेवालाई भरपर्दो बनाउन फाइवर लाइन जडान कार्यलाई प्राथमिकता दिईएको,
- वडा कार्यालय भवन निर्माणको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिएको,
- बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा वडा स्तरीय सर्वपक्षीय/सर्वदलिय सरोकारवालहरुलाई समेटर राय/सुझाव लिने गरेको,
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण, प्रविधिको प्रयोग र शिक्षक तालिममा जोड दिईएको,
- अन्धविश्वास हटाउनको लागि सचेतना कार्यक्रम, स्वास्थ्य शिविर, स्वास्थ्यकर्मी र परामर्शकर्ताबाट निरन्तर परामर्श

# अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वयको अवस्था

- नेवासँगको आर्थिक तथा प्राविधिक सहयोग तथा समन्वयमा तमानखोला गाउँपालिका वडा नं.-१ मा सास्बाङ खानेपानी आयोजना निर्माण गरिएको,
- तमानखोला गाउँपालिकाको आयोजनामा ताकम फाउण्डेसनको आर्थिक सहयोग, नेपाल नेत्रज्योति संघ, हिमालयन आँखा अस्पताल पोखरा र धौलागिरी आँखा अस्पताल बागलुङको प्राविधिक सहयोग तथा लायन्स क्लवको व्यवस्थापनमा तमानखोला गाउँपालिका-३, तमानमा नि:शुल्क आखा शिविर सञ्चालन गरिएको,
- संघीय तथा प्रदेश सरकारको साझेदारीमा वडा कार्यालय भवन र सडक निर्माण गरिएको ।

# सुझावहरु

- स्थानीय तहको विकासको लागि संघ, प्रदेश र स्थानीय तहबीच व्यापक सहकार्य र समन्वय गर्न आवश्यक रहेको,
- स्थानीय तह सबैभन्दा नजिकको सरकारलाई भएको कारण यसलाई प्रविधिमैत्री, सुशासन मैत्री तथा जनमुखी बनाउँन आवश्यक रहेको,
- स्थानीय तहलाई अधिकार र जिम्मेवारीका साथै पर्याप्त स्रोत साधन र जनशक्ति उपलब्ध गराउनुपर्ने,
- काजमा रहेका कर्मचारीहरुलाई काज फिर्ता वा पदस्थापन गरी पदपूर्तिको बाटो खुलाउनुपर्ने,
- वित्तिय हस्तान्तरणका सूचकमा क्षेत्रफल, पूर्वाधार विकासको अवस्था र खर्चको आवश्यकताको भार बढाएर वित्तीय हस्तान्तरण गर्नुपर्ने ।

(हाल वित्तीय हस्तान्तरण गर्दा जनसंख्या, राजस्व उठाउन सक्ने क्षमतालाई बढी प्राथमिकता दिइएको र क्षेत्रफल, पूर्वाधार विकासको अवस्था, खर्चको आवश्यकतालाई न्यून प्राथमिकता दिइएको । शहर केन्द्रित वित्तिय हस्तान्तरणको अभ्यास)

- जिल्लाको सीमाना विवादको विषय सम्बन्धित निकायबाट सक्दो छिटो टुङ्ग्याउन सबैले पहल गर्नुपर्ने ।

तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

## स्थानीय स्तरबाट खेलकुद क्षेत्रको प्रवर्द्धन गर्न गाउँपालिका कप तथा गाउँपालिका खेल( तारा खेल) प्रतियोगिता सञ्चालन





# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## प्रविधिमैत्री शिक्षण सिकाईका लागि Smart कक्षा सञ्चालन तथा विद्यालयमा इ-हाजिरी व्यवस्थापन







# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## शहिद तथा बेपत्ता परिवारलाई सहयोग तथा सम्मान





# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## पर्यटन पर्वद्धन सम्बन्धी भएका क्रियाकलाप











# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## तमानखोला-३ तमान गाउँमा बनेको कल्भर्ट





# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## तमानखोला गाउँपालिका वडा नं.-१ मा बनेको जनमोती प्रा.वि. भवन






# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## तमानखोला गा.पा. २ बोंगाखानीमा निर्मित कल्भर्ट






तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

## कृषि संकलन केन्द्र -तमानखोला



# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

## विभिन्न कार्यक्रमका केही तस्विरहरु
















# कार्यक्रमसंग सम्बन्धित फोटोहरु:






स्वागतम्





















स्वागतम
Welcome
आ.व. २०८१/०८२ को
वार्षिक समिक्षा कार्यक्रम

